नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

पत्र संख्याः ०७७/७८

च. नं. :

मितिः-२०७७/०९/१३

## प्रेस बिज्ञप्ति

कोभिड-१९ का कारण बन्द भएका रात्रिकालीन पर्यटन व्यवसाय सञ्चालन सम्वन्धी स्वास्थ्य सुरक्षा मापदण्ड संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय द्धारा स्वीकृत भई कार्यान्वयनमा आएको छ । उक्त मापदण्डको परिच्छेद ४ को १२ मा मापदण्डको पालना भए/नभएको अनुगमन गर्न सकिने व्यवस्था गरिएकोछ ।सोहि व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद दुलालको संयोजकत्वमा अनुगमन समिति गठन गरी काठमाडौंका विभिन्न ठाउँमा मिति २०७७/०९/१२ गते अनुगमन गरिएको थियो ।विभिन्न ६ वटा रात्रिकालीन व्यवसायमा अनुगमन गर्दा केहि व्यवसायमा फेससिल्डको प्रयोग नगरिएको र केहिमा भौतिक दुरी कायम नगरीएकोले पहिलो पटकलाई मापदण्डको अनिवार्य पालना गराउन निर्देशन दिइएको छ । यो अनुगमन टोलीले यस्ता रात्रिकालीन व्यवसायले मापदण्डको पालना गरे/नगरेको विषयमा नियमित अनुगमन गरी मापदण्ड वमोजिम गरेको नपाइएमा कानून बमोजिम कारवाही समेत गरिने व्यहोरा सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

२०७७/०९/१३

विष्णुराज वेल्वासे

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।

फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८